# ❦ २ ❦

*[संवत् २०४७ सालको पुरस्कार 'जगदम्बा-श्री' सिक्किमका तत्कालीन मुख्य मन्त्री श्री नरबहादुर भण्डारीलाई समर्पण गर्न संवत् २०५० साल चैत्र १६ गते रोज ३ का दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण । यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १३८ बाट उद्धृत गरिएको हो । स्मरणीय छ, संवत् २०४७ सालको पुरस्कार 'जगदम्बा-श्री' र सोही सालको 'मदन पुरस्कार' एक साथ समर्पण गर्न संवत् २०४८ साल आश्विन २५ गते रोज ६ का दिन आयोजित समारोहमा श्री नरबहादुर भण्डारी उपस्थित हुनुभएन र केही प्रविधिक कारणवश आफू उपस्थित हुन नसकिने बेहोरा उल्लेख गर्दै उहाँले पठाउनुभएका पत्रहरू गुठीका तत्कालीन सचिव (एवं वर्तमान अध्यक्ष) ले समारोहमा पढेर सुनाउनुभएको थियो ('नेपाली' अङ्क १२८) । अत: यो समारोह उहाँको निम्ति विशेष रूपमा आयोजना गरिएको थियो । श्री भण्डारीका उक्त पत्रहरू यसै ग्रन्थको खण्ड पाँच परिशिष्ट ग (४) मा प्रस्तुत गरिएको छ ।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

बन्धुगण, यो सुन्दर ललितनगरी पाटनको यस सभास्थलमा म तापाईंहरूको स्वागत गर्दछु। संवत् २०४७ सालको पुरस्कार 'जगदम्बा-श्री' समर्पण गर्ने यो विशेष समारोहमा म मदन पुरस्कार गुठीको प्रबन्ध समिति तथा साधारण सभाका तर्फबाट तपाईंहरू सबैको स्वागत गर्दछु । मदन पुरस्कार गुठीको अठ्तीस वर्षको इतिहासमा श्रीदरबार-परिसर बाहिर यो समारोह भएको यो दोस्रोपटक हो । पहिलोपटक २०२६ सालको 'मदन पुरस्कार' दिन पुरस्कार संस्थापिका रानी जगदम्बा स्वयम् दार्जिलिङ पुग्नुभएको थियो । २०२६ साल चैतको १३ गते दार्जिलिङमा यो 'मदन पुरस्कार' विधिवत् श्री पारसमणि प्रधानलाई टक्र्याइएको थियो । संयोगले आज चैतको १६ गते पर्‍यो । आज हामी श्रीदरबारबाट बाहिर यो समारोह गर्दै छौं तापनि भौगोलिक

हिसाबले पहिलेको श्रीदरबार र यो हिमालय होटेल रहेको भैरवशमशेरको दरबारमा दुईटा बाटा अथवा दुईओटा दसगजाले मात्र छुट्याएको थियो । रानी जगदम्बाको स्वर्गवास भएपछि यो पुरस्कार श्रीदरबारको रातो बङ्गलामा हुन्थ्यो । आज हिमालय होटेलको रातो बैठकमा गर्दै छौं । त्यसैले भौतिक तथा भावनात्मक हिसाबले पनि यो ठाउँ टाढा छैन ।

भारतसूर्य नरबहादुर भण्डारीज्यू, तपाईंलाई आज स्वागत गर्न पाउँदा मलाई कति खुसी लागको छ म बयान गर्न सक्तिनँ । यो समारोहका 'बेउला' तपाईंलाई म आज दोहोरो स्वागत गर्छु । तपाईंलाई हामीले जगदम्बा-श्री अर्पण गरेको दुई वर्षपछि मैताल् लिन, "गौना" गर्न आउनुभएको छ । त्यसैले यो दोहोरो स्वागत निवेदन गरेको हुँ ।

यो 'जगदम्बा-श्री' तपाइंको हामीकहाँ नासो थियो यतिका दिन । त्यो आज बुझाउन पाएँ । मलाई कालिदासको कण्व ऋषिलाई जस्तै आनन्द लागेको छ । आशुकवि शम्भुप्रसादले भनेका छन् "हुन् माल छोरी अरूलाई दीने । राखी धरौटी सरि जानि लीने । आनन्द छु आज गरी विदाई हल्का भएकैं अऋणी कहाई" । त्यस्तै भएको छ मलाई । यहाँ आज उपस्थित मेरा दुई जना गुरुबाहरू सरदार प्राध्यापक यदुनाथ खनाल र प्रा. हृषिकेश शाहलाई पनि स्वागत निवेदन गर्दछु । उहाँहरू मेरा मात्र गुरु होइन हाम्रा महासचिवज्यूका पनि गुरु हुनुहुन्छ । यसै गरी म यस सभामा उपस्थित गुठीका परिवार, विद्वान् विदुषी, कवि लेखकहरू तथा हाम्रा पहिलेका 'बेउला'हरूलाई पनि हार्दिक स्वागत गर्दछु ।

☒ ☒ ☒